# त्रिभुवन विश्वविद्यालयको अनुसन्धान नीति तथा कार्यक्रम: एक अध्ययन

*नीलमकुमार शर्मा*

**परिचय**

नेपालमा उच्च शिक्षाको शैक्षिक इतिहास केलाउँदा त्रिभुवन विश्वविद्यालय (त्रि.वि.) को स्थापनालाई आधारस्तम्भ मान्न सकिन्छ। सन् १९८९ पछि देशमा बहु विश्वविद्यालयको अवधारणा अगाडि बढ्दै आउनथाल्यो, जसको फलस्वरुप देशभित्र अहिले तीनवटा (त्रि.वि., काठमाडौं र महेन्द्र संस्कृत विश्वविद्यालय) विश्वविद्यालयहरु संचालित भएका छन्। यस बाहेक पूर्वाञ्चलको विराटनगरमा समेत विश्वविद्यालय स्थापना गर्ने तर्फ प्रारम्भिक कार्यक्रमहरु अगाडि आइसकेका छन्। यस्तो स्थितिसम्म आइपुग्दा पनि देशमा सर्वप्रथम स्थापना भै समग्र उच्च शिक्षालाई समेट्दै राष्ट्रव्यापी रुपमा विकसित हुन पुगेको त्रि.वि. को आफ्नै महत्व र आवश्यकता रहने कुरा स्वत:सिद्ध छ।

सन् १९१८ मा त्रि-चन्द्र कलेजको स्थापना पछि मात्र नेपालमा संगठित रुपले उच्च शिक्षाको शुरुवात हुन गयो। मानविकी कलेजको रुपमा शुरुवात भै त्यसबेला कलकत्ता विश्वविद्यालयसँग सम्बद्ध उक्त कलेजमा सन् १९५१ पछि विभिन्न आधुनिक विषयहरु समेत पठनपाठन गर्ने व्यवस्था मिलाइयो। उक्त समयमा देशमा संचालित आर्को कलेज नेपाल संस्कृत कलेज भने बनारस संस्कृत विश्वविद्यालयसँग सम्बद्ध रहेको देखिन्छ (शाक्य; १९८५)।

राणा शासनकालको अन्तिम समयमा देशभित्र शैक्षिक जागरुकता तथा जनलहर तीब्र बन्दै जान थाल्यो। राणा शासनको अन्त्यतिर तत्कालीन अन्तिम राणा प्रधानमन्त्री मोहन शम्शेरले नेपालमा विश्वविद्यालय स्थापना गर्नु पर्ने घोषणा गरेका थिए। तत्पश्चात उक्त उद्देश्य पूर्ति गर्ने अभिप्रायले "राष्ट्रिय शिक्षा योजना आयोग" गठन गरियो। यस आयोगले उच्च शिक्षाको पठनपाठन तथा अनुसन्धानको क्षेत्रमा राष्ट्रले चाल्नु पर्ने विभिन्न कदमहरु बारे आफ्नो सुझावहरु प्रस्तुत गरेको थियो। अनुसन्धान तर्फ यस आयोगले विश्वविद्यालयभित्र कमसेकम एक अनुसन्धान केन्द्र स्थापना गर्नु पर्ने कुरालाई विशेष प्राथमिकताका साथ अगाडि बढाएको थियो (थापा तथा अन्य; १९९५)। यसरी हेर्दा उच्च शिक्षाको क्षेत्रमा अनुसन्धानको भूमिका र महत्वलाई विश्वविद्यालयको प्रारम्भिक सोचदेखि नै विशेष महत्व प्रदान गरेको देखिन्छ।

सन् १९५९ मा आएर नेपालमा प्रथम विश्वविद्यालय (त्रिभुवन विश्वविद्यालय) को विधिवत् स्थापना भयो। देशमा शुरु भएको प्रथम पंचवर्षीय योजना अवधिमा उच्च शिक्षालाई समेत एकीकृत ढंगले अगाडि बढाउने नीति अनुरुप पूर्वाधार खडा गर्ने तर्फ विशेष ध्यान केन्द्रित गरिएको थियो। यसैगरी दोस्रो तथा तेस्रो योजना अवधिभित्र उच्च शिक्षाको विकासमा शिक्षण कार्यहरुको विस्तार तथा शैक्षिक पूर्वाधारहरु जुटाउने विभिन्न कार्यहरु सम्पन्न हुन गए। तेस्रो योजना अवधिमा आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र (CEDA) (सन्,१९६९) को स्थापनाले विश्वविद्यालयको संस्थागत अनुसन्धानको स्वरुपलाई अझ ठोस आकार प्रदान गर्न मद्दत पुऱ्याएको थियो।

*राष्ट्रिय शिक्षा पद्धतिको योजना (१९७१) देशमा लागू भएपछि उच्च शिक्षाको स्वरुप तथा*

कार्यक्रममा आमूल परिवर्तन गरियो । त्रिभुवन विश्वविद्यालयमा अनुसन्धानको शुरुवात पिएच.डी. अनुसन्धानबाट हुन गएको देखिन्छ । विश्वविद्यालयको छैठौं वार्षिक प्रतिवेदन अनुसार शैक्षिक वर्ष १९६४/६५ मा विश्वविद्यालयभित्र जम्मा १८ जना त्रि.वि शिक्षकहरु पिएच.डी. अनुसन्धान कार्यमा संलग्न रहेका थिए । तेस्रो योजना अवधिमा गएर मात्र त्रिभुवन विश्वविद्यालयले अन्य वाह्य अनुसन्धान कार्यहरुमा नियमितता प्राप्त गरेको थियो । शैक्षिक वर्ष १९६९/७० मा सम्पन्न त्रि.वि. प्राज्ञिक परिषदको बैठकले जम्मा १९ पीएच.डी. अनुसन्धानमध्ये एउटा मात्र सम्पन्न हुन सक्नुको मुख्य असफलताको कारणहरुमा प्राज्ञिक वातावरणको कमी, असक्षम सुपरिवेक्षक, किताव तथा अन्य अति आवश्यक सामग्रीहरुको अभावलाई औंल्याएको पाइन्छ (शाक्य; १९८५) ।

विश्वविद्यालयमा संगठित तथा व्यवस्थित तवरले अनुसन्धानको शुरुवात सन् १९६६ पछि मात्र हुन गएको देखिन्छ । सन् १९६६ मा त्रि.वि. सिण्डिकेटले नेपालको इतिहास, संस्कृति, कला, धर्म, तन्त्र, भाषा तथा साहित्य सम्बन्धी पक्षको अनुसन्धान कार्य सम्पन्न गर्दै नेपाल र नेपालीहरुको स्वच्छ परिचय राष्ट्रिय तथा अन्तरराष्ट्रिय जगतमा फैलाउँदै लैजाने उद्देश्य अनुरुप नेपाल अध्ययन संस्थानको स्थापना गर्नु पर्ने कार्य योजना तयार गरेको थियो । तद्नुरुप सन् १९६८ मा यसलाई इन्स्टिच्यूट अफ नेपाल स्टडिज नामाकरण गरियो । सन् १९७२ मा यस संस्थालाई नेपाल तथा एशियाली अनुसन्धान केन्द्र (CEDA) को नाममा रुपान्तरण गर्ने कार्य सम्पन्न हुनगयो ।

आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्रको स्थापना सन् १९६९ मा श्री ५ को सरकार, फोर्ड फाउण्डेसन तथा त्रि.वि. बीच सम्पन्न त्रिपक्षीय संझौता अनुरुप भएको थियो । स्वतन्त्र अनुसन्धान केन्द्रको रुपमा स्थापित यस संस्थालाई सन् १९७५ मा त्रि.वि. अन्तर्गत ल्याइयो । यसैगरी सन् १९७५ मा राष्ट्रिय शिक्षाअन्तर्गत रहने गरी स्थापना गरिएको शिक्षा विकास तथा अनुसन्धान केन्द्रलाई सन् १९७९ मा त्रि.वि. को नियन्त्रणअन्तर्गत राखियो । त्यसैगरी सन् १९७३ मा धरानमा स्थापना गरिएको व्यवहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानलाई सन् १९७७ मा कीर्तिपुरमा स्थानान्तरण गरियो (दाहाल, शर्मा र अन्य; १९६९) ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना १९७१ लागू भएपछि त्रि.वि. भित्र निम्नानुसारको एकाइहरु मार्फत अनुसन्धान कार्यहरु संचालन हुन गएका थिए:

१. त्रि.वि. का चार अनुसन्धान केन्द्रहरुद्वारा संचालित अनुसन्धान ।
२. तत्कालीन अध्ययन संस्थान (साधारण तथा प्राविधिक) मार्फत संचालित अनुसन्धान ।
३. अनुसन्धान महाशाखा मार्फत संचालित अनुसन्धान ।
४. तत्कालीन केन्द्रीय शिक्षण विभाग मार्फत संचालित पिएच.डी. अनुसन्धान ।
५. त्रि.वि. का अन्य इकाईहरुद्वारा संचालित लघु अनुसन्धान ।

राष्ट्रिय शिक्षापद्धतिको योजना १९७१ लागू भएपछि देशको उच्च शिक्षा विभिन्न प्रकारका अस्थिरता, अन्यौल तथा भ्रमबाट गुज्रदै अन्तत: असफल सावित हुन पुग्यो । हाल त्रि.वि. अन्तर्गतका मुख्य मुख्य निम्न एकाइहरु अनुसन्धान कार्यमा सहभागी भैरहेका छन्:

१. त्रि.वि. का चार अनुसन्धान केन्द्रहरु
२. वन विज्ञान, कृषि तथा पशु विज्ञान, चिकित्सा तथा इन्जिनियरिङ्ग अध्ययन संस्थानका डीन कार्यालयहरु र विभिन्न संकायका डीन कार्यालयहरु।
३. अनुसन्धान महाशाखा, शिक्षाध्यक्षको कार्यालय।
४. केन्द्रीय विभाग, त्रि.वि. इत्यादि।

**अध्ययनको औचित्य**

त्रि.वि. स्थापना भएको हाल ३७ वर्ष पुगिसकेको छ। यी वर्षहरुको अन्तरालमा विश्वविद्यालयको प्रारम्भिक वर्षहरु केवल अध्यापन कार्यक्रमहरु विस्तार गर्ने तर्फ केन्द्रित हुनु स्वभाविकै थियो। त्यसकारण विश्वविद्यालयले उच्च शिक्षाको गुणस्तरतर्फ विशेष ध्यान पुऱ्याउनुभन्दा नयाँ नयाँ विषयहरुको पठनपाठन तथा अन्य विभिन्न कार्यक्रमहरु बिस्तार गर्नतर्फ नै ध्यान दिएको देखिन्छ। विश्वविद्यालयले उच्च शिक्षामा अनुसन्धानको महत्वलाई शुरुदेखि नै सैद्धान्तिक रुपमा स्वीकार गर्दै आइरहेको थियो। त्रि.वि. का प्रारम्भिक वर्षहरुमा अनुसन्धानको शुरुवात पिएच.डी. अनुसन्धानद्वारा प्रारम्भ गरेको देखिन्छ। हाल विश्वविद्यालयले आफ्नो अनुसन्धान कार्यलाई विस्तार गर्दै अनुसन्धान केन्द्रहरु, संकाय तथा अध्ययन संस्थानका डीन कार्यालयहरु, केन्द्रीय विभाग तथा केन्द्रीय कार्यालयका केही एकाइसम्म फैलाइसकेको छ। यस बाहेक विश्वविद्यालयका अनुसन्धान केन्द्र, केन्द्रीय विभाग तथा अन्य एकाइहरुमा कार्यरत जनशक्तिले कतिपय वाह्य क्षेत्रका अनुसन्धानहरु समेत सम्पन्न गरिसकेका छन्। विश्वविद्यालयमा स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरु संलग्न भै कतिपय अनुसन्धान कार्यहरु सम्पन्न भइसकेका छन्। विदेशी अनुसन्धानकर्ताहरुलाई उनीहरुको अनुसन्धान कार्यमा टेवा पुगोस् भन्ने उद्देश्यले विश्वविद्यालयले विभिन्न प्रकारका सहयोग उपलब्ध गराउँदै आइरहेको छ। यी सम्पूर्ण अनुसन्धान क्रियाकलापहरु विश्वविद्यालयमा योजनाबद्ध, उद्देश्यमूलक, नीतिगत तथा समन्वयात्मक रुपमा अगाडि बढिरहेका छन् अथवा स्वेच्छाचारी रुपमा मात्र संचालित भइरहेका छन् भन्ने कुराको यथार्थ विवरण प्रस्तुत गर्दै भविष्यमा विश्वविद्यालयले अनुसन्धान क्रियाकलापहरु सम्बन्धी चाल्नु पर्ने आवश्यक पाइलाहरुको समेत किटान गर्नु प्रस्तुत अध्ययनको औचित्य हुनेछ।

**अध्ययनको उद्देश्य**

यस अध्ययनका मुख्य मुख्य उद्देश्यहरु निम्न अनुसार रहेका छन्:

१. त्रि.वि. को अनुसन्धान कार्यमा केन्द्रीय विभाग तथा अन्य शिक्षण एकाइहरुले अवलम्बन गरिरहेका नीति तथा पद्धतिबारे मूल्याङ्कन गर्ने र उक्त एकाइहरु मार्फत त्रि.वि. को वर्तमान अनुसन्धान नीति तथा कार्यक्रमसम्बन्धी जानकारी हासिल गर्ने,

२. त्रि.वि. द्वारा सम्पन्न भएका विभिन्न अनुसन्धान कार्यहरुको समग्र तथा नीतिगत उपादेयता पत्ता लगाउने तथा

३. त्रि.वि. को वर्तमान अनुसन्धान नीति, उद्देश्य, कार्यक्रम, प्राथमिकता, समन्वय जस्ता पक्षहरुमाथि विवेचना गर्दै भविष्यमा यस तर्फ चाल्नु पर्ने आवश्यक कदमहरु निर्क्यौल गर्ने।

## अध्ययन विधि

यस अध्ययनमा विशेषगरी त्रि.वि. का केन्द्रीय विभागका विभागीय प्रमुखहरु तथा सम्बन्धित शिक्षकहरु, अध्ययन संस्थान तथा संकायका संकाय डीनहरु, शिक्षकहरु, महाशाखा प्रमुख लगायत अनुसन्धान कार्यमा संलग्न भइरहेका अन्य शिक्षकहरुलाई प्रश्नावली वितरण गर्दै उक्त प्रश्नावलीद्वारा संकलित सूचना तथा तथ्याङ्कको आधारमा अध्ययनलाई अगाडि बढाइएको थियो । नमूना छनोट, प्रश्नावली वितरण तथा संकलित संख्या निम्न अनुसार रहेको थियो:

| क्षेत्र | वितरित प्रश्नावली संख्या | प्राप्त प्रश्नावली संख्या |
|---|---|---|
| केन्द्रीय विभाग, त्रि.वि. | ६० | ५७ |
| संकाय डीन कार्यालय | ८ | ८ |
| अध्ययन संस्थान | १० | ६ |
| अनुसन्धान महाशाखा | २ | २ |
| जम्मा | ८० | ७३ |

पर्याप्त साधन तथा स्रोतको अभावले गर्दा अध्ययनमा सानो आकारको नमूना छनोट गरिएकोले ठूलो नमूना छनौटमा यस अध्ययनको निस्कर्षले मेल नखान सक्तछ । आर्कोतिर नमूना छनौटभित्र त्रि.वि. का विभिन्न नीतिगत स्थानमा बसिरहेका व्यक्तिहरुद्वारा सूचना संकलन गरिएको कारण अध्ययनको निष्कर्षले विश्वविद्यालयलाई नीतिगत निर्णय लिन केही सहयोग प्रदान गर्न सक्ने अनुमान सहजै लगाउन सकिन्छ । यसको साथसाथै प्रस्तुत अध्ययनमा त्रि.वि. का अनुसन्धान केन्द्रहरुलाई समावेश नगरिएको कारण त्रि.वि. अनुसन्धान केन्द्रहरुको दृष्टिकोणलाई अध्ययनले अभिव्यक्त गर्न सक्तैन ।

### विश्लेषण

त्रि.वि. द्वारा सम्पन्न अनुसन्धान प्रतिवेदन र त्यसको नीतिगत उपादेयता सम्बन्धमा उत्तरदाताहरुको प्रत्युत्तर विश्लेषण निम्नानुसार रहेको थियो:

तालिका १: त्रि.वि. द्वारा सम्पन्न परियोजनाको नीतिगत उपादेयता सम्बन्धी विवरण

| एकाइ | उत्तर | | | | जम्मा |
|---|---|---|---|---|---|
| | सहयोग गरिरहेको | कुनै सहयोग नगरेको | आंशिक सहयोग | अन्य | |
| त्रि.वि. केन्द्रीय विभाग | ४ | ४३ | ८ | २ | ५७ |
| संकाय/अध्ययन संस्थान. | ८ | २ | ३ | १ | १४ |
| अनुसन्धान महाशाखा | १ | - | १ | - | २ |
| जम्मा | १३ | ४५ | १२ | ३ | ७३ |

स्रोत: नमूना सर्वेक्षण, १९९६ ।

उत्तरदाताहरुले अनुसन्धान प्रतिवेदनहरुको नीतिगत उपादेयता सम्बन्धमा निम्न निष्कर्षहरु प्रस्तुत गरेको पाइयो:

१. त्रि.वि. का विभिन्न एकाइहरुद्वारा सम्पन्न भएका अनुसन्धानका निष्कर्ष तथा सुझावहरुले त्रि.वि. को नीतिगत निर्णयमा कुनै योगदान दिन सकेका छैनन् ।

२. संकाय/अध्ययन संस्थान तथा अनुसन्धान महाशाखाबाट सम्पन्न भएका अनुसन्धानका निष्कर्ष तथा सुझावहरुले मात्र त्रि.वि. का केही नीतिगत निर्णयहरुलाई सहयोग पुऱ्याईरहेको देखिन्छ ।

त्रि.वि. को अनुसन्धान कार्यले यसको शिक्षणलाई सहयोग पुऱ्याइरहेको छ अथवा छैन भन्ने सन्दर्भमा उत्तरदाताहरुको प्रत्युत्तर निम्न अनुसार रहेको थियो:

तालिका २: त्रि.वि. अनुसन्धान तथा शिक्षण बीच परस्पर सहयोगको विवरण

| एकाइ | उत्तर | | | जम्मा |
|---|---|---|---|---|
| | सहयोग गरिरहेको | कुनै सहयोग नगरेको | आंशिक मात्र सहयोग गरेको | |
| त्रि.वि. केन्द्रीय विभाग | ९ | ४२ | ६ | ५७ |
| संकाय/अध्ययन संस्थान | ४ | ४ | ६ | १४ |
| अनुसन्धान महाशाखा | १ | १ | - | २ |
| जम्मा | १४ | ४७ | १२ | ७३ |

स्रोत: नमूना सर्वेक्षण, १९९६ ।

उत्तरदाताहरुको प्रत्युत्तरको आधारमा विवेचना गर्दा त्रि.वि. मा हालसम्म सम्पन्न भएका धेरैजसो अनुसन्धान कार्यले शिक्षणलाई कुनै सहयोग नगरेको पाइयो । तर संकाय/अध्ययन संस्थानअन्तर्गत सम्पन्न हुने धेरै अनुसन्धान कार्यले भने त्रि.वि. को शिक्षण कार्यलाई आंशिक तथा पूर्ण सहयोग गरिरहेको प्रत्युत्तर प्राप्त भएको थियो ।

त्रि.वि. को अनुसन्धान नीति तथा कार्यक्रम निर्धारण सम्बन्धमा उत्तरदाताहरुको प्रत्युत्तर निम्न अनुसार रहेको थियो:

तालिका ३. त्रि.वि. अनुसन्धान नीति तथा कार्यक्रम सम्बन्धी धारणा

| प्राथमिकता क्रम | एकाइ | | | जम्मा |
|---|---|---|---|---|
| | त्रि.वि. केन्द्रीय विभाग | संकाय/ अध्ययन संस्थान | अनुसन्धान महाशाखा | |
| शिक्षण र अनुसन्धान संगसंगै लैजाने | १३ | १० | २ | २५ |
| अनुसनधानलाई शिक्षणको सहयोगी बनाउने | ३५ | ३ | - | ३८ |
| त्रि.वि. को अनुसन्धानलाई श्री ५ को सरकारको आवश्यकता अनुसार केन्द्रित गर्ने | ४ | - | - | ४ |
| त्रि.वि. अनुसन्धानलाई देशभित्रका संघ संस्थाहरुको आवश्यकता अनुसार केन्द्रित गर्ने | ५ | १ | - | ६ |

स्रोत: नमूना सर्वेक्षण, १९९६ ।

त्रि.वि. को भावि अनुसन्धान नीति तथा कार्यक्रमले विश्वविद्यालयको शिक्षण कार्यलाई प्रत्यक्ष सहयोग प्रदान गर्नुपर्ने बिचार अधिकांश उत्तरदाताहरुको रहेको पाइयो । यसको साथसाथै त्रि.वि. ले आफ्नो शिक्षण तथा अनुसन्धानलाई संगसंगै लैजानु पर्ने नीति अवलम्बन गर्नुपर्ने धारणा पनि धेरै उत्तरदाताहरुले व्यक्त गरेका थिए ।

त्रि.वि. ले आफ्नो अल्पकालीन अनुसन्धान कार्यक्रम तय गर्ने सन्दर्भमा उत्तरदाताहरुको प्रत्युत्तर निम्न अनुसार रहेको थियो:

तालिका ४: त्रि.वि. को अल्पकालीन अनुसन्धान कार्यक्रम निर्धारण प्रक्रिया सम्बन्धी विवरण ।

| कार्यक्रम | एकाइ | | | जम्मा |
|---|---|---|---|---|
| | त्रि.वि. केन्द्रीय विभाग | संकाय/ अध्ययन संस्थान | अनुसन्धान महाशाखा | |
| वार्षिक रुपमा त्रि.वि. का विशिष्ट तथा योग्य प्राध्यापकहरुको कमिटीद्वारा कार्यक्रम तय गर्नु पर्ने | ४२ | ११ | १ | ५४ |
| हरेक अनुसन्धान एकाइहरुले स्वतन्त्रतापूर्वक आफ्नो वार्षिक कार्यक्रम तय गर्ने | ९ | २ | - | ११ |
| त्रि.वि. तथा अन्य सम्बद्ध संघ संस्थाको संयुक्त तत्वावधानमा कार्यक्रम तय गर्ने | - | १ | १ | २ |
| अन्य | ६ | - | - | ६ |
| जम्मा | ५७ | १४ | २ | ७३ |

स्रोत: नमूना सर्वेक्षण, १९९६ ।

त्रि.वि. ले आफ्नो वार्षिक (अल्पकालीन) अनुसन्धान कार्यक्रम त्रि.वि. का विशिष्ट तथा योग्य प्राध्यापकहरुको सहभागितामा तयार गर्नुपर्ने विचारलाई बहुसंख्यक उत्तरदाताहरुले समर्थन गरेको पाइयो। अनुसन्धान खर्चका सन्दर्भमा धेरै उत्तरदाताहरुले त्रि.वि. को शिक्षण अथवा अन्य नीतिगत सन्दर्भमा सहयोग पुऱ्याउने अनुसन्धानहरुलाई मात्र त्रि.वि. ले खर्च वेहोर्नु पर्ने विचार व्यक्त गरेका थिए। त्रि.वि. अनुसन्धानको प्राथमिकता क्षेत्र निर्धारण सन्दर्भमा जम्मा ७३ उत्तरदाताहरुमध्ये ५० उत्तरदाताहरुले हाल त्रि.वि. मा अनुसन्धानको प्राथमिकता क्षेत्र किटान नभएको व्यहोरा उल्लेख गरेका थिए। त्रि.वि. मा अनुसन्धानको प्राथमिकता क्षेत्र आवश्यक महसुस गर्ने तथा नगर्ने उत्तरदाताहरुको संख्या निम्न अनुसार रहेको थियो:

**तालिका ५: प्राथमिकता क्षेत्रको किटान सम्बन्धमा उत्तरदाताहरुको प्रत्युत्तर विवरण।**

| एकाइ | प्रत्युत्तर | | | जम्मा |
|---|---|---|---|---|
| | प्राथमिकता क्षेत्र किटान गर्नु पर्ने | किटान गर्नु नपर्ने | थाहा नभएको | |
| त्रि.वि. केन्द्रीय विभाग | २२ | १४ | २ | ३८ |
| संकाय/अध्ययन संस्थान | १० | - | - | १० |
| अनुसन्धान महाशाखा | २ | - | - | २ |
| जम्मा | ३४ | १४ | २ | ५० |

स्रोत: नमूना सर्वेक्षण, १९९६।

धेरैजसो उत्तरदाताहरुको प्रत्युत्तर त्रि.वि. ले आफ्नो अनुसन्धानको प्राथमिकता क्षेत्र किटान गर्नुपर्ने तर्फ लक्षित रहेको पाइन्छ। प्राथमिकता क्षेत्रको किटान गर्दा त्रि.वि. ले स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरु बीच अलग अलग आधारहरु निर्माण गर्दै जानुपर्ने विचार बहुसंख्यक उत्तरदाताहरुको रहेको देखिन्छ।

विदेशी अनुसन्धानकर्ताहरुद्वारा त्रि.वि. मार्फत संचालन हुने अनुसन्धान कार्यको व्यवस्थाबारे उत्तरदाताहरुबाट निम्न अनुसारको प्रत्युत्तर प्राप्त हुन आएको थियो:

**तालिका ६: विदेशी अनुसन्धानकर्ताहरुद्वारा त्रि.वि. मार्फत संचालन हुने अनुसन्धान कार्य संचालनको स्वीकृति व्यवस्था**

| व्यवस्था | एकाइ | | | जम्मा |
|---|---|---|---|---|
| | त्रि.वि. केन्द्रीय विभाग | संकाय/ अध्ययन संस्थान | अनुसन्धान महाशाखा | |
| (क) हालकै व्यवस्था कायम राख्ने | १५ | १ | - | १६ |
| निश्चित तोकिएको समयमा मात्र स्वीकृति दिने व्यवस्था मिलाउने | ४२ | १३ | २ | ५७ |
| जम्मा | ५७ | १४ | २ | ७३ |

स्रोत: नमूना सर्वेक्षण, १९९६।

हाल विदेशी अनुसन्धानकर्ताहरु आ-आफ्नो इच्छा अनुसार नेपाल आउँदै कुनै पनि समयमा आफ्नो इच्छा अनुसारको विषयहरुमा अनुसन्धान कार्य गर्दै आइरहेका छन् । यस प्रकारको व्यवस्थालाई बहुसंख्यक उत्तरदाताहरुले अनुचित ठहर गरेका छन् । विदेशी अनुन्धानकर्ताहरुको अनुसन्धान कार्यको स्वीकृति दिंदा विश्वविद्यालयले वार्षिक शैक्षिक क्यालेण्डर अनुसार निश्चित तोकिएको समयभित्र मात्र दिनु पर्ने विचार प्रायजसो उत्तरदाताहरुको रहेको पाइयो । विदेशीहरुको अनुसन्धानमा स्वदेशी अनुसन्धानकर्ताहरुको सहभागिता वृद्धि गर्न सम्पूर्ण त्रि.वि. द्वारा सम्बद्ध वैदेशिक अनुसन्धानमा नेपालीहरुलाई अनिवार्य सहभागी बनाउनु पर्ने विचार उत्तरदाताहरुको रहेको थियो ।

त्रि.वि. द्वारा सम्पन्न हुने विभिन्न एकाईहरु बीचको अनुसन्धानलाई आवश्यक समन्वयको व्यवस्था मिलाउन उत्तरदाताहरुद्वारा निम्न प्रत्युत्तर प्राप्त भएको थियो:

तालिका ६: विदेशी अनुसन्धानकर्ताहरुद्वारा त्रि.वि. मार्फत संचालन हुने अनुसन्धान कार्य संचालनको स्वीकृति व्यवस्था

| समन्वय-व्यवस्था | एकाइ | | | जम्मा |
|---|---|---|---|---|
| | त्रि.वि. केन्द्रीय विभाग | संकाय/अध्ययन संस्थान | अनुसन्धान महाशाखा | |
| हालको समन्वय परिषदलाई नै सक्रिय पार्ने | ४० | १० | २ | ५२ |
| आर्को व्यवस्था गर्नु पर्ने | १७ | ४ | - | २१ |
| जम्मा | ५७ | १४ | २ | ७३ |

स्रोत: नमूना सर्वेक्षण, १९९६ ।

त्रि.वि. अनुसन्धान महाशाखाले हाल अनुसन्धान समन्वय परिषदको कार्य समेत गर्दै आइरहेको छ । त्रि.वि. का विभिन्न एकाइहरु बीचको अनुसन्धान कार्यलाई अझ प्रभावकारी तथा सशक्त बनाउन यही परिषदलाई विशेष सक्रिय बनाउँदै लैजानु पर्ने विचार बहुसंख्यक उत्तरदाताहरुको रहेको थियो ।

## निष्कर्ष

उच्च शिक्षामा शिक्षण तथा अनुसन्धान परस्परका दुई पाटाहरु हुन् । त्रि.वि. ले आफ्नो स्थापना कालदेखि नै सैद्धान्तिक रुपमा अनुसन्धानको महत्वलाई स्वीकार्दै आइरहेको पाइन्छ । विश्वविद्यालयले आफ्नो स्थापनाको प्रारम्भिककालमा केवल शैक्षिक क्रियाकलापहरु तर्फ मात्र ध्यान केन्द्रित गर्नुपर्ने बाध्यतालाई नाजायज भन्न मिल्दैन । तर हाल विश्वविद्यालयले आफ्नो ३७ वर्षको अवधि पार गरिसक्दा पनि विश्वविद्यालयको अनुसन्धान सुव्यवस्थित बन्न नसक्नु अवश्य पनि सोचनीय तथा गम्भीर विषय हो ।

त्रि.वि. हालको अवस्थासम्म आइपुग्दा पनि यसको वर्तमान अनुसन्धान नीति स्पष्ट हुन नसकेको देखिन्छ । त्रि.वि. मा सम्पन्न भएका विभिन्न अनुसन्धान कार्यहरुले त्रि.वि. लाई नीतिगत निर्णय लिने कार्यमा सहयोग पुऱ्याउनुको साथसाथै त्रि.वि. को शिक्षण कार्यमा समेत कमसेकम सहयोग प्रदान गर्नुपर्ने

यथार्थलाई कसैले पनि नकार्न सक्तैन । तर विश्वविद्यालयमा सम्पन्न भएका हालसम्मका अनुसन्धानले यी कुनै पनि पक्षमा सोचिए जति योगदान दिन नसकेको महसुस भइरहेको छ । अतः विश्वविद्यालयले तुरुन्त आफ्नो अनुसन्धान कार्यहरुको दीर्घकालीन तथा अल्पकालीन उद्देश्य नीति तथा कार्यक्रमको स्पष्ट किटान गर्दै यिनीहरु बीच आवश्यक समन्वयको व्यवस्था समेत मिलाई छनौट भएका प्राथमिकता क्षेत्रहरुको आधारमा अनुसन्धान सम्बन्धी क्रियाकलापहरुलाई अगाडि बढाउन नितान्त आवश्यक भइसकेको छ ।

## सन्दर्भ सूची

थापा, शर्मा तथा अन्य, (१९९१), "प्रोफाइल अफ फरेन रिसर्चर इन टि.यु," अनुसन्धान महाशाखा, शिक्षाध्यक्षको कार्यालय, त्रि.वि., कीर्तिपुर ।

------, (१९९२), "ए सर्भे अन फरेन रिसर्चर रिपोर्ट," अनुसन्धान महाशाखा, शिक्षाध्यक्षको कार्यालय, त्रि.वि., कीर्तिपुर ।

प्रधान, श्रेष्ठ तथा अन्य, (१९८९), "स्टाटस अफ रिसर्च इन टि.यू." अनुसन्धान महाशाखा, शिक्षाध्यक्षको कार्यालय, त्रि.वि., कीर्तिपुर ।

रिसर्च डिभिजन, रेक्टर अफिस, (१९९०) "प्रोमोसन, एफिलियसन एण्ड कोअर्डिनेशन अफ फरेन रिसर्चन इन टि.यू.," अनुसन्धान महाशाखा, त्रि.वि., कीर्तिपुर ।

शाक्य, सुर्यबहादुर, (१९८५) *इस्टाब्लिसिङ्ग एण्ड डेभेलपमेन्ट अफ टि.यू.*, अनुसन्धान महाशाखा, त्रि.वि., कीर्तिपुर ।

त्रिभुवन यूनिभर्सिटी, (१९८८), *त्रिभुवन यूनिभर्सिटी प्रोफाइल*, त्रि.वि., कीर्तिपुर ।